# ६ अर्ब ७ करोड बजेट स्थानीय तहमा



काठमाडौं, १२ माघ। स्थानीय विकास साझेदारी कार्यक्रमका लागि सरकारले चालु आर्थिक वर्ष २०७७/७८ का लागि छुटयाएको ६ अर्ब ६० करोड रूपैयाँमध्ये ६ अर्ब ७ करोड रूपैयाँ सम्बन्धित स्थानीय तहमा बाँडफाँट भएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको विवरण अनुसार मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआएस) मा अहिलेसम्म ६ अर्ब ७ करोड रूपैयाँ प्रविष्ट भइसकेको छ। यो रकम बराबरका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन हुनेछन्। मन्त्रालयका अनुसार बजेट बाँडफाँट भएसँगै स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७७ अनुसार यो वर्ष संचालनको योजना बनाइएको कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको बाटो समेत खुलेको छ।

देशभरका १६५ निर्वाचन क्षेत्रका ७५३ स्थानीय तहमा स्थानीय विकास साझेदारी कार्यक्रम संचालन हुन्छ। विगतमा सांसद विकास कोषबाट संचालन हुने कार्यक्रमको नाम परिवर्तन गरी अहिले स्थानीय विकास साझेदारी कार्यक्रममा योजना कार्यान्वयन हुने गरेको छ। मन्त्रालयका अनुसार ६९५ स्थानीय तहका लागि एलएमबीआएसमा कार्यक्रम प्रविष्ट भएसँगै कार्यक्रम कार्यान्वयनको बाटो खुलेको हो। अहिले प्रतिनिधिसभा विघटन भएको छ।

तर, विघटन हुनु अगाडि नै हरेक सांसदले आफ्नो संयोजकत्वमा रहेको समितिबाट छानेका कार्यक्रममा खर्च हुने गरी कार्यक्रम बाँडफाँट सकाएका थिए। किनकी स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) २०७७ अनुसार १५ मंसिरमै स्थानीय तहमा कार्यक्रमको सूची पुगिसक्नु पर्ने थियो।

५ पुसमा सरकारले संसद विघटनको निर्णय गरेको हो। चालु आर्थिक वर्षका लागि यो कार्यक्रममा हरेक निर्वाचन क्षेत्रमा खर्च हुने गरी ४ करोड रूपैयाँ बजेट विनियोजन भएको छ। यसअनुसार कुल बजेट ६ अर्ब ६० करोड पुग्छ। अघिल्लो आवमा प्रतिनिर्वाचन क्षेत्रमा ६ करोड रूपैयाँ विनियोजन भएको थियो।

स्थानीय तहबाट कार्यान्वयन हुने यस्ता कार्यक्रम र आयोजनाको न्यूनतम लागत १० लाख रूपैयाँ हुनुपर्ने प्रावधान छ। एक मात्र निर्वाचन क्षेत्र भएको जिल्मामा भने न्यूनतम ५ लाख रूपैयाँसम्मका आयोजना समेत कार्यान्वयन हुनेछन्। कार्यविधि अनुसार सांसदहरूले मंसिर मसान्तसम्म आयोजना तयारी गरी १५ मंसिरसम्म स्थानीय तहलाई पठाइसक्नुपर्ने प्रावधान छ।

कार्यक्रम कार्यान्वयन र व्यवस्थापनका लागि गठन हुने परामर्श समितिमा सम्बन्धित स्थानीय क्षेत्रका समानुपातिक सांसद, राष्ट्रिय सभाका सदस्य, स्थानीय तहका अध्यक्ष र जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख सदस्य रहन्छन्। परामर्श समितिले आयोजनाको विवरण संकलनदेखि कार्यक्रम कार्यान्वयनमा समस्या देखिएमा समेत समाधान गर्ने जिम्मेवारी पाएको हुन्छ। निर्वाचन क्षेत्रभित्र कोभिड-१९ वा अन्य यस्तै संक्रामक रोगबाट संक्रमितको पहिचान, रोकथाम, नियन्त्रण र उपचार गर्न मिल्ने गरी आवश्यक स्वास्थ्य पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपर्ने गरी यो वर्षको सञ्चालन कार्यविधि बनेको हो। सो प्रयोजनका लागि अस्पताल स्थापना, सञ्चालन र स्वास्थ्यसम्बन्धी उपकरणको व्यवस्था र स्वास्थ्य सुविधालाई यो वर्ष प्राथमिकतामा राख्नुपर्ने भएको छ।


स्वास्थ्य चौकी, प्रसुति भवन, सामुदायिक सभागृह, ब्लड बैंक, बाल विकास केन्द्र, विपन्न तथा भूमिहीन नागरिकलाई आवास, वृद्धाश्रम, योग केन्द्र, अनाथालय र पुनर्स्थापना केन्द्र निर्माणमा समेत सांसदहरूले बजेट राख्न सक्ने कार्यविधि छ।

सामुदायिक विद्यालय तथा विश्वविद्यालयको पूर्वाधार विकाससम्बन्धी आयोजनामा समेत बजेट विनियोजन गर्न सकिने छ। कृषि विकास, नदी नियन्त्रण, खानेपानी, फोहोरमैला व्यवस्थापन, सडक, पर्यटकीय पूर्वाधार निर्माण, विद्युतीकरण, सार्वजनिक उद्यान, खेलकुद पूर्वाधार र गत वर्ष अधुरा रहेका आयोजनाको निरन्तरताका लागि बजेट राख्न सकिने सञ्चालन कार्यविधिमा उल्लेख छ।

आयोजना छनोट गर्दा कोरोना भाइरस नियन्त्रणका लागि चालिएका कदमका कारण उत्पन्न परिस्थितिबाट गत वर्ष काम हुन नसकेका स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमका आयोजनालाई पूरा गर्ने गरी यो वर्ष समेत बजेट राख्नुपर्ने भएको छ। सांसदले आफू निकट राजनीतिक दलको स्वार्थपूर्तिका लागि यो बजेट प्रयोग गर्न पाउने छैनन्।

राजनीतिक दलसम्बद्ध संघ(संगठनका पूर्वाधार विकाससम्बन्धी आयोजना संचालन गर्न, जग्गा किन्न, मुआब्जा वितरण गर्न, सामग्री किन्न, गैरसरकारी वा सहकारीमार्फत आयोजना कार्यान्वयन गर्न नपाउने कार्यविधि बनेको छ।

# एकै महिनामा झन्डै डेढ खर्ब लगानी




काठमाडौं, १२ माघ। पुस महिनाको ऋण लगानीले नयाँ रेकर्ड बनाएको छ। वाणिज्य बैंकहरूले एक महिनाको अवधिमा हालसम्मकै धेरै ऋण लगानी गरेका हुन्।

हाल सञ्चालनमा रहेका २७ वटा वाणिज्य बैंकले यो अवधिमा १ खर्ब ४३ अर्ब रूपैयाँ नयाँ ऋण लगानी गरेका छन्। यो वृद्धिसँगै वाणिज्य बैंकहरूको कुल ऋण लगानी ३२ खर्ब ४७ अर्ब रूपैयाँ पुगेको छ।

यही अवधिमा बैंकहरूको निक्षेप संकलन भने ८८ अर्ब रूपैयाँ मात्रैले बढेको छ। मंसिर मसान्तमा ३६ खर्ब ९४ अर्ब रूपैयाँ रहेको कुल निक्षेप बढेर ३७ खर्ब ८२ अर्ब रूपैंयाँ पुगको हो। यसअघि गत असोज महिनामा बैंकहरूले एकै महिनामा १ खर्ब ३१ अर्ब रूपैयाँ ऋण लगानी गररेका थिए। अहिलेको ऋण लगानी असोज महिनाको भन्दा १२ अर्ब रूपैयाँले बढी हो। यो ऋण लगानी अनुसार बैंकहरूले एकैदिन करिब ६ अर्बको हाराहारीमा नयाँ ऋण प्रवाह गर्न थालेको देखिएको छ।

प्रत्येक त्रैमासको अन्त्यमा बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरण प्रकाशन गर्नुपर्ने भएकोले वित्तीय अवस्थालाई राम्रो बनाउने दबाब हुन्छ। अघिल्ला वर्षमा तरलताको समस्या हुने भएकोले ऋणको निक्षेप र नाफामा दबाब हुँदै आएको ट्रेन्ड परिवर्तन भएर यो वर्ष ऋण लगानीमा पुगेको छ। त्यसैले दोस्रो त्रैमासमो अन्त्यमा बैंकहरूले पेन्डिङमा रहेका ऋणहरू धमाधम स्वीकृत गरिदिएका हुन्।

# नेप्सेको स्पष्टीकरणपछि घट्यो एनसीसी बैंकको सेयर मूल्य




काठमाडौं, १२ माघ। नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडले मर्जर सम्बन्धी कुनै निर्णय नभएको प्रष्टीकरण दिएको छ। आइतबार बैंकको एनसीसीको सेयर मूल्य अस्वभाविक रूपले बढेको थियो। सेयर मूल्य एक्कासी बढेपछि नेपाल स्टक एक्सचेञ्जले बैंकलाई ३ दिनभित्र जवाफ पेश गर्न भन्दै स्पष्टीकरण सोधेको थियो।

नेप्सलेलाई सोमबार जवाफ पठाउँदै एनसीसी बैंकले मर्जर स्म्बन्धी कुनै छलफल तथा निर्णय नभएको बताएको छ। साधारणसभाले उपर्युक्त बैंक भेटे मर्जरका लागि छलफल गर्न सञ्चालक समितिलाई अख्तियार दिएको जानकारी दिँदै सेयर मूल्यमा असर पर्ने तत्कालै कुनै केहि निर्णय नभएको बैंकले जनाएको छ। गत ९ गते बसेको बैंकको साधारणसभाले १०.२६९५ प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि ०.५४०५ नगद लाभांश दिने प्रस्ताव पारित गरेको थियो। त्यसयता सेयर मूल्य बढ्न सक्ने कुनै निर्णय नभएको बैंकले बताएको छ।

आइतबार एनसीसी बैंकको सेयर मूल्य सर्किट ब्रेककै हाराहारीमा कारोबार भएको थियो। एकैदिन १० प्रतिशतले बढ्ने वा घट्ने भए सर्किट ब्रेक लाग्छ। आइतबार एनसीसी बैंकको ९.९७ प्रतिशतले सेयर मूल्य बढेर ३ सय ६४ रूपैयाँ पुगेको थियो। यसलाई नेप्सेले अस्वभाविक भन्दै बैंकलाई स्पष्टीकरण सोधेको हो।

यस अघिको कारोकारसम्म सामान्य रूपले नै अघि बढेको भए पनि आइतबार अस्वभाविक देखिएको नेप्सेले जनाएको छ। नेप्सेको स्पष्टिकरण पछि सोमबार भने यस बैंकको सेयर मूल्य घटेको छ। सोमबार यस बैंकको सेयर ८ रूपैयाँले घटेर ३५६ रूपैयाँमा झरेको छ।

सोमबार सेयर कारोबार मापक नेप्से परिसूचक १६.०४ अंकले उकालो लागेको छ। बैंकिङ परिसूचकमात्रै पनि २४ अंक बढीले उकालो लागेको छ। 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स भने घटेको छ। नेप्से परिसूचक १६.०४ अंकले बढ्दा नेप्से परिसूचक २ हजार ४ सय ४० दशमलव ८७ अंकमा पुगेको छ। यो हाल सम्मकै उच्च हो। कारोबार रकम भने ८ अर्ब ९० करोड ३५ लाख रूपैयाँ माथि पुगेको छ। समग्रमा बजार बढेपनि अधिकांश समूहरू भने घटेका छन्। बैंकिङ, व्यापार लगायतका समूह बढेर हरियाली हुँदा अन्य समूह भने घटेर रातामे देखिएका छन्।■

# औद्योगिक विकासका लागि अन्तर्क्रिया




बुटवल, १२ माघ। रूपन्देही उद्योग संघले औद्योगिक विकासमा स्थानीय सरकारको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रमलाई निरन्तरता दिएको छ। संघले ग्रामिण क्षेत्रमा औद्योगिक, कृषि तथा पर्यटन विकासका सम्भावनाको खोजी गर्दै त्यसको बिस्तारका लागि स्थानीय सरकारहरूको सहभागिता र भूमिका महत्वपूर्ण हुने हुँदा स्थानीय क्षेत्रको विकासलाई आत्मसाथ गर्न नसक्दासम्म राष्ट्रिय पूँजीको संरक्षण हुन नसक्ने बताउँदै जिल्लाका सबै स्थानीय तहहरूसँग अन्तर्क्रिया आयोजना गर्ने बताएको छ।

रूपन्देही उद्योग संघको आयोजनामा सोमवार रूपन्देहीको शुद्धोधन गाउँपालिकामा रोजगारी अभिबृद्धि र औद्योगिक, कृषि तथा पर्यटन विकासका सम्भावनाको खोजी गर्ने उद्देश्यका साथ अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा रूपन्देही उद्योग संघका अध्यक्ष बाबुराम बोहोराले स्वागत गर्दै संस्थागत गतिविधि तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारे। अध्यक्ष बोहोरोले मुलुकको आर्थिक समृद्धिका लागि राष्ट्रिय उद्योगको विकास र संरक्षण जरुरी रहेको बताए। उनले स्वदेशमा रहेका कच्चा पद्धार्थको सहि सदुपयोग गर्नका लागि ग्रामिण क्षेत्रको आवश्यकता र अवस्था सँग मेल खाने उद्योगहरूको स्थापना गर्नु जरुरी रहेको बताउँदै त्यसमा स्थानीय सरकारहरूसँग उद्योग संघ सधै हातेमालो गरेर जान तयार रहेको प्रतिवद्धता समेत व्यक्त गरे।

कार्यक्रममा शुद्धोधन गाउँपालिकाका प्रमुख किसुनचन्द्र चौधरीले गाउँपालिकामा उद्योग सञ्चालनका लागि धेरै सम्भावना भएको बताउँदै खुलेर लगानी गर्न उद्योगीहरूलाई आग्रह गरे। उनले उद्योग सञ्चालनका लागि गाउपालिकाले दिन सक्ने सेवासुविधामा कुनै कन्जुस्याइँ नगर्ने समेत प्रतिवद्धता व्यक्त गरे।

अध्यक्ष चौधरीले गाउँपालिकाले स्थानीय श्रोत र साधनको सहि परिचालन गरी कृषि, पर्यटन तथा औद्योगिक विकासमा कसरी अगाडी बढ्न सकिन्छ भन्ने बारेमा बार्षिक कार्यक्रम नै बनाएर छलफल चलाएको अवस्थामा उद्योगीहरूको साथ र सहयोगको अपेक्षा गरेको बताए।

कार्यक्रममा नेपाल उद्योग परिसंघका केन्द्रीय सदस्य तथा संघका पूर्व अध्यक्ष एजाज आलमले गाउँपालिकाहरूले औद्योगिक विकासका लागि आफ्नै लगानी र नियन्त्रणमा रहने गरी यथासम्भव औद्योगिक ग्राम सञ्चालन गरेर उद्योग खोल्ने वातावरण सिर्जना गर्नु पर्ने सुझाव दिए। उनले गाउँपालिका स्तरमा औद्योगिक ग्रामहरू खोल्न सकेमा शहर केन्द्रित परनिर्भरता हट्ने तथा पूँजी र श्रम पलायन पनि रोकिने हुँदा त्यसमा आफूहरू सहकार्य गर्न तयार रहेको धारणा व्यक्त गरे।

रूपन्देही उद्योग संघका निर्वतमान अध्यक्ष गणेश प्रसाद अधिकारीले ग्रामिण स्तरमा रोजगारीको श्रृजना गर्ने एक मात्र उपाय भनेको उद्योगहरूको संचालन भएको हुँदा त्यसका लागि आवश्यक वातावरण तयार गर्ने काम स्थानीय सरकारहरूको भएको हुँदा त्यसतर्फ ध्यान दिन आग्रह गरे। कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रविन्द्रप्रसाद चौधरीले गाउँपालिकाले सञ्चालन गरेका गतिविधिका बारेमा जानकारी गराउँदै गाउँपालिकाले उद्यमशिलता विकास, उत्पादन र प्रवर्द्धनात्मक कामलाई तत्कालिन तथा दिर्घकालिन कार्ययोजना बनाएर काम अगाडि बढाएको बताए। गाउँपालिकाले अगाडि सारेका कार्ययोजना चाहे अनुरूप पुरा गर्न नसकिएता पनि आगामी दिनमा क्रियाशिलता बढाउने र निजी स्तरसँग सहकार्य गर्दै अघि बढ्ने बताए।

संघका अध्यक्ष बाबुराम बोहोराको अध्यक्षता, महासचिव जिवकान्त काफ्लेको सञ्चालनमा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष शान्तादेवी ज्ञवाली, वडा नं. ४ का अध्यक्ष राजेन्द्र ढकाल, ३ का अध्यक्ष हेमबहादुर खड्का लगायतले बोलेका थिए। कार्यक्रममा धन्यवाद ज्ञापन संघका वरिष्ठ उपाध्यक्ष माधवप्रसाद पौडेलले गरेका थिए भने संघको कार्यसमिति, सल्लाहकार स्थानीय उद्योगीहरू र गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरूको सहभागिता रहेको थियो।■

खिमलाल थापा मगर
प्रवन्ध निर्देशक
हाम्रो प्रतिबद्धता, पानीमा शुद्धता
९८५७०२६६८२
९८४७१८९११७
१० घण्टासम्म चिसो रहिरहने शुद्ध पानी
HillTon Aqua
Add Minaral Water
मो. ९८६४४५०५८१, ९८५११५१२१७, ९८६४४५०५८३
हिल्टन आक्वा इण्डष्ट्रिज प्रा.लि.
बुटवल-११, देवीनगर
नोट: विवाह पार्टी भोज तथा अन्य शुभअवसरमा पानी जारबाट वा ट्याांकरबाट चाहिएमा हामीलाई सम्झनुहोला । साथै होम डेलिभरीको पनि व्यवस्था छ ।

सुबिधा सम्पन्न भव्य चलेको होटल बिक्रीमा



रुपन्देहीको मुटु सिद्धार्थनगर-५ भैरहवा सेवापथ हाटबजारमा भब्य चलिरहेको तल्लो सटरमा क्वालिटी फ्रेस भएको १७ कोठामध्ये ९वटा अट्याच रहेको र छुट्टै रेष्टुरेण्ट भएको तिनतल्ले होटल बिक्रीमा रहेकोले उचित मूल्य दिन तयार व्यक्तिले सम्पर्क राख्नुहोला।
सिधा सम्पर्क:
भरत अधिकारी ९८४७४००४४८

ट्वाइलेट सफा गराउनुहोस्
सुपथ मुल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एक पटक सेवा गर्ने मौका दिनुहोस् ।
पाल्पाली मगर सम सेनेटरी
बुटवल-१७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

प्रो. विश्वनाथ ढकाल ९८५७०१५०१५
प्रो. गंगाराम भण्डारी ९८५७०१५५५०
EuroGuard, Kent, Blue Mount र VohVoltas को आधिकारीक बिक्रेता।
मुहान इन्टरप्राइजेज
चौराहा हस्पिटल नजिक, बुटवल-१३, कालिकानगर
साथै होम डेलिभरीको सुविधा सहित १ वर्षे वारेन्टी
शुद्ध पानी, स्वस्थ जिवन
हामीकहाँ पानी शुद्ध गर्ने R.O/U.V. घरेलु तथा औद्योगिक मेसिनहरु पाईन्छ।
साथै मेसिन मर्मत पनि गरिन्छ।

SAHAMATI — Good Neighbors International

## धारा जडान सामाग्री खरिदको लागि सिलबन्दी दर भाउपत्र आह्वानको सूचना

कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) को आर्थिक सहयोगमा गुड नेवर्स इन्टरनेशनल नेपालको प्राविधिक सहयोगमा नवलपरासी वर्दघाट सुस्ता पूर्व र पश्चिममा सहमति संस्थाद्वारा संचालित समावेशी ग्रामीण विकास परियोजना अन्तर्गत स्थानीयद्वारा पहल परियोजनाहरुको लागि तपसिल बमोजिम **कृषकहरुका धारा जडान सामाग्री** खरिद गर्नु पर्ने भएकोले **TOR** मा उल्लेखित शर्त अनुसार आपूर्ति गर्न इजाजत प्राप्त ईच्छुक स्थानीय/राष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ताबाट सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि आह्वान गरिन्छ।

**अवश्यक सामग्रीहरु :**

सुनवल नगरपालिका वडा नं. २ र ९ कार्यक्षेत्रको लागि पानीतान्ने मोटर, धारा जडानका लागि आवश्यक पाइप तथा अन्य सामग्रीहरु

**दर भाउपत्र पेश गर्ने प्रक्रिया :**

ईच्छुक स्थानीय/राष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ताहरूले आफूले सेवा दिन चाहेको क्षेत्रमा आफ्नो दरभाउपत्र पेश गर्न सक्नेछन्। दरभाउपत्र पेश गर्दा **धारा जडान सामाग्रीहरु** भनि लेखी सिलबन्दी दरभाउपत्र मिति २०७७।१०।१८ गते तदअनुसार 31 Jan 2021 गते ५:०० बजेभित्र समावेशी ग्रामीण विकास परियोजनाको कार्यालय, शिवालय टोल, वर्दघाट ४, नवलपरासीमा सिधै वा हुलाक कुरियर मार्फत बुझाउन सकिनेछ।

धारा जडान सामाग्रीहरुको विवरण र परिमाणहरुको TOR/Bidding documents सम्बन्धित संस्थाको कार्यालयको ईमेलः sahamatijobs@gmail.com वा संस्थाको वेभसाइटः http://gninepal.org/work-with-us/notice/ बाट प्राप्तगर्न सकिनेछ।

सिलबन्दी दरभाउपत्र खोल्ने, मूल्याङ्कन तथा आपूर्तिकर्ता छनौट गर्ने सम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित रहनेछ।